# माडी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, चितवन

बाग्मती प्रदेश, नेपाल

पत्र संख्या:- २०८२/८३

चलानी नम्बर:-

**साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास निरन्तरता कार्यक्रम सम्बन्धी सूचना !!!**

*सूचना प्रकाशित मितिः २०८२/०७/२० गते*

माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, माडी, चितवनको चालु आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम संघीय सरकारबाट हस्तान्तरित (सशर्त अनुदान) अन्तर्गत स्वीकृत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संशोधन २०८१) परिच्छेद ४ (४.१) साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अनुसार *गत आर्थिक वर्षमा स्थापित बाली पकेटको निरन्तरता कार्यक्रम संचालनका* लागि इच्छुक कृषक/कृषि फर्म/समूह/सहकारी संस्था/समितिले उल्लेखित म्यानुअलको अनुसूची १० अनुसारको अनुदानका लागि आवेदन फारम सहित आवश्यक कागजातहरु संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मितिः २०८२/०८/०९ गते) भित्र यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै, यस विषयमा थप जानकारीका लागि माडी नगरपालिका कृषि शाखमा सम्पर्क गर्न सकिनेछ।

२०८२/७/२०

सुरेश सिंखडा

कृषि शाखा प्रमुख

तपसिलः

| क्र.सं. | कार्यक्रमको शीर्षक | बजेट (रु.) | न्युनतम मापदण्ड | उपलब्ध हुने सेवा सुविधाहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | आ.व. २०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता | १२ लाख | आ.व. २०८१/८२ मा कार्य सम्पादन भएको | ५०-८५% सम्म अनुदानमा (परिच्छेद ७ अनुसार) | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संशोधन २०८१) अनुसार |

आवदेन/निवेदन साथ पेश गर्नुपर्ने अन्य कागजातहरुः

१. अनुसूची १० अनुसारको अनुदानका लागि आवेदन फारम र अनुसूची ७ अनुसारको पकेट क्षेत्रको आधारभूत तथ्याङ्क,
२. सम्बन्धित निकायमा संस्था/समिति दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
३. पान दर्ता प्रमाणपत्रको प्रतिलिपि र गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमीन) को धनीपुर्जा वा भाडामा भए कम्तिमा ५ वर्षको करार सम्झौता प्रतिलिपि,
५. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
६. संस्थाको कार्य समितिको निर्णय प्रतिलिपि,
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

बोधार्थः

श्री सूचना प्रविधि शाखा, सूचना प्रवाह गरिदिनुहुन।

श्री सबै वडा कार्यालयहरु, सूचना टाँस तथा समुदायमा प्रवाह गरिदिनुहुन।